श्रीमान गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू ,जिल्ला समन्वय समितिका सदस्य ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यू, गाउँसभा सदस्य ज्यू, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु , समाजसेवी तथा भद्र भलादमी ज्यूहरु , पत्रकार ज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि र उपस्थित सम्पूर्णमा नमस्कार ।

नेपालको मध्यभागमा रहेको प्रदेश नं. ४ मा पर्ने रमणिय लमजुङ जिल्ला, लमजुङ जिल्लाको उत्तरी भेगमा जिल्लाको ३५.३ प्रतिशत भू-भाग ओगटने ५९७.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको १८,७५९ जनसंख्या ( जनगणना २०६८ अनुसार ) रहेको धार्मिक तथा पर्यटकिय रुपले प्रसिद्ध मर्स्याङ्दी नदीले झन्डै बिचबाट विभाजन गरेको पर्यटन , पशु , कृषि , जडीबुटी तथा हाइड्रो पावरको उच्च सम्भावना रहेको यस रमणिय मर्स्याङ्दी गाउँपालिका लमजुङकै सवैभन्दा बढी सम्भावना बोकेको स्थानीय तह रहेको व्यहोरा हामी सवैलाई अवगत भएकै कुरा हो । स्थापनाको छोटो समयमा नै नविनतम गतिविधि तथा विभिन्न सकरात्मक कदमहरुलाई अगि बढाउँदै तथा विभिन्न समस्या तथा चुनौतिहरुलाई चिर्दै मर्स्याङ्दी गाउँपालिका आफूलाई हरेक पक्षमा अव्वल सावित गर्न प्रयासरत छ । यसमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु लगायत गाउँकार्यपालिका र वडा समिति क्रियाशिल छ भने राष्ट्रसेवक कर्मचारीको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका तथा शाखाका कर्मचारी र वडाका कर्मचारीले पनि गाउँसभा र गाउँकार्यपालिकाका निर्णय कार्यान्वयन गर्नका साथै जनतालाई पुर्‍याउनु पर्ने सेवा प्रवाह लाई छिटो छरितो र प्रभावकारी बनाउन हरहमेशा तम्तयार भएर लागि परेका छन् । अध्यक्ष ज्यूको अनुमतिबाट अव म आ. व. २०७४/७५ को आय तथा व्यय र हाल सम्मको खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ**

| | |
|---|---|
| आ.व. २०७४/ ७५ का लागि प्राप्त वित्तिय अनुदान | १७,५७,३८,०००।०० |
| आ.व. २०७३/ ७४ को नगद मौज्दात | ५३,८६,५५२।९६ |
| अनुमानित आन्तरिक आम्दानी | २५,००,०००।०० |
| **जम्मा** | **१८,३६,२४,५५२।९६** |
| **सशर्त अनुदान तर्फ** | **११,८४,०४,०००।००** |

**व्यय तर्फ**

| | | |
|---|---|---|
| वडा कार्यालय तर्फका विभिन्न विकास आयोजनाहरुमा | ८,४०,००,०००।०० | |
| गाउँपालिका तर्फका विभिन्न विकास आयोजनाहरुमा | ५,१६,९०,५५२।९६ | |
| कन्टेन्जेन्सी खर्च | ३१,३४,०००।०० | |
| **पूँजीगत खर्च जम्मा** | **१३,८८,२४,५५२।९६** | **( ७५.६ प्रतिशत )** |
| **चालु खर्च** | **४,४८,००,०००।००** | **(२४. ४ प्रतिशत )** |
| **जम्मा** | **१८,३६,२४,५५२।९६** | |
| **सशर्त अनुदान तर्फ** | **११,८४,०४,०००।००** | |

**खर्च तर्फ**

**समानीकरण चालु**

**२०७५ जेठ सम्मको खर्चको फाटवारी**

| जेठ महिनाको खर्च | जेठ महिना सम्मको निकाशा | खर्च संकेत नं. | खर्च शिर्षक | अन्तिम बजेट | जेठ महिना सम्मको खर्च | बाकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| १६८,०१६.३० | ३०,८००,००० | २११११ | तलब | १८,०००,०००.०० | १,६९५,८७८.१० | १६,३०४,१२१.९० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४,९९०.०० | | २१११२ | स्थानीय भत्ता | १,७००,०००.०० | १५५,४४६.०० | १,५४४,५५४.०० | |
| ६,०००.०० | | २१११३ | महङ्गी भत्ता | ५००,०००.०० | ५४,६६६.०० | ४४५,३३४.०० | |
| - | | | पदाधिकारी सुविधा र पारिश्रमिक | ५,०००,०००.०० | - | ५,०००,०००.०० | |
| - | | २११२१ | पोषक | ३००,०००.०० | ४५,०००.०० | २५५,०००.०० | |
| ६,७६६.४० | | २२१११ | पानी तथा बिजुली | ३००,०००.०० | ३१,३९६.४० | २६८,६०३.६० | |
| १७,७५०.०० | | २२११२ | संचार महशुल | ७००,०००.०० | १७०,०५७.०० | ५२९,९४३.०० | |
| - | | २२१२१ | घरभाडा | ७००,०००.०० | २८३,२००.०० | ४१६,८००.०० | |
| - | | २२१२२ | अन्य भाडा | १,१००,०००.०० | ५८४,८००.६६ | ५१५,१९९.३४ | |
| - | | २२२१२ | संचालन तथा मर्मत संभार | १,०००,०००.०० | १९८,९००.०० | ८०१,१००.०० | |
| २९,०८५.०० | | २२३११ | कार्यालय संबन्धी खर्च | २,०००,०००.०० | ५२३,७५४.०० | १,४७६,२४६.०० | |
| - | | २२२११ | इन्धन | १,०००,०००.०० | १२७,४९६.०० | ८७२,५०४.०० | |
| - | | २२५११ | सीप विकास तथा गोष्ठी बैठक खर्च | ५००,०००.०० | - | ५००,०००.०० | |
| - | | २२४११ | सेवा र परामर्श खर्च | १,०००,०००.०० | - | १,०००,०००.०० | |
| १०४,०००.०० | | २२४१२ | अन्य सेवा शूल्क | २,५००,०००.०० | १,३५७,२१३.०० | १,१४२,७८७.०० | |
| २७९,०००.०० | | २१११९ | अन्य भत्ता | ३,०००,०००.०० | १,४०२,५५१.०० | १,५९७,४४९.०० | |
| ३०,७०५.०० | | | कार्यक्रम खर्च | १,०००,०००.०० | १९४,१४९.०० | ८०५,८५१.०० | |
| १३०,९००.०० | | २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | २,०००,०००.०० | ६८४,९२०.०० | १,३१५,०८०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| - | | २२६१२ | भ्रमण खर्च | - | - | - | |
| १५८,२८५.०० | | २२७११ | बिबिध खर्च | २,५००,०००.०० | ९१९,१४३.२० | १,५८०,८५६.८० | |
| ९४५,४९७.७० | **३०,८००,०००** | | जम्मा | ४४,८००,०००.०० | ८,४२८,५७०.३६ | ३६,३७१,४२९.६४ | |

- २०७५ जेष्ठ २० गते सम्मको खर्च ( समानीकरण पूँजीगत अनुदान तर्फ ) रु ४,००,५९,८०२।३४ ( २८.८५ प्रतिशत )
- २०७५ जेष्ठ मसान्त सम्मको खर्च ( समानीकरण चालु अनुदान तर्फ ) रु ८४,२८,५७०।३६ (१८.८१ प्रतिशत )
- २०७५ जेष्ठ २० गते सम्मको खर्च सशर्त अनुदान तर्फ रु ८,७१,६८,९७८।०० (७३.६१ प्रतिशत )

**अध्यक्ष ज्यूको अनुमतिबाट अव म गाउँपालिकाबाट शुरुवात गरिएका केही उदाहरणीय कार्यहरु को बारेमा विवरण प्रस्तुत गर्न चाहन्छु ।**

१. तरकारी संकलन केन्द्र, मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ निर्माण भई सकेको ।

२. फोहोर मैला संकलन तथा प्रशोधन केन्द्र मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ मा निर्माणको अन्तिम चरणमा रहेको ।

३. गाउँपालिकाको पर्यटकीय वृत्त चित्र र प्रोफाईल निर्माण को काम अन्तिम चरणमा रहेको ।

४. ३ महिने कार्पेन्ट्री तथा वेल्डीङ् तालिमबाट ६० जना युवाहरुले तालिम प्राप्त गरेका ।

५. १३ वटा गाउँलाई होमस्टे गाउँ घोषणा गरी गाउँपालिकाको नायुँ, सिउरुङ् , डादी र घेर्मुमा हिमालयन कलेज अफ हस्पीटालिटी म्यानेजमेन्टद्धारा तालिम प्रदान गरिएको । होमस्टे गाउँहरुबाट होमस्टे सञ्चालकहरुलाई कास्कीको माछापुच्छ्रे गाउँपालिकाको ल्वाँङ् गाउँमा २ दिने अवलोकन भ्रमण लगिएको । साथै पर्यटकीय तथा प्रसिद्ध स्थलहरुको चिनारी सहितको ब्रोसर छाप्ने काम पनि भईरहेको ।

६. विद्यालय क्षेत्रको सुधारका लागि २५ बुँदे शैक्षिक घोषणा मार्फत शैक्षिक सुधारका लागि विभिन्न चरणमा विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका अध्यक्ष तथा सरोकारवालाहरु सँग गोष्ठी, अर्न्तक्रिया,राय ,सुझाव तथा सल्लाह लिदै अघी बढीएको ।

७. विद्यालय स्तरको शैक्षिक सुधारका लागि टिच फर नेपालसँग सम्झौता गरि गाउँपालिका भित्रका ८ वटा सामुदायिक मा.वि. हरुमा प्रत्येकमा २ जनाका दरले प्रज्ञार्थी शिक्षकको व्यवस्था गरिएको ।

८. लोक सेवा आयोग तयारी गर्ने महिला, दलित , जनजाति विद्यार्थीहरुका लागि गाउँपालिकाले नि:शुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराएको र यस्तो सेवा गाउँपालिका भरका २६ जना विद्यार्थीले लिएका ।

९. पर्यटन प्रर्वद्धन अर्न्तगत वैकल्पीक पदमार्ग, तातोपानी कुन्ड व्यवस्थापन, भक्ति थापा पार्क,डा. हर्क गुरुङ् समाधी स्थल, खुदी बाल उद्यान,हमखोला पार्क , मर्स्याङ्दी पार्क तथा बराहपोखरी जाने बाटो निर्माण जस्ता ठाउँहरुमा वजेट विनियोजन गरिएको र सोबाट ती स्थानहरुको स्तरोन्नती पनि भैसकेको ।

१०. गाउँपालिका र वडाहरुमा महिला, युवा तथा खेलकुद, जेष्ठ नागरिक, अपाङ्ग , कृषि तथा पशु जस्ता सञ्जाल तथा समितिहरुको निर्माण गरि गाउँपालिका सँग समन्वय तथा सहकार्य गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको ।

११. कृषि विकास तर्फ १० वटा मिनिटिलरहरु ५० प्रतिशत अनुदानमा विभिन्न कृषक तथा समुहहरुलाई हस्तान्तरण गरिएको । साथै विउ विजन वितरण, भकारो सुधार, किवि विरुवा वितरण, मौरी घार वितरण जस्ता कार्यक्रम सञ्चालनका लागि वार्षिक ३९,६९,०००।०० को वजेट व्यवस्थापन गरिएको ।

१२. पशुसेवा तर्फ व्यवसायिक बाखा फार्मको गोठ सुधार , लोकल कुखुरा प्रवर्द्धन , भेडी गोठमा त्रिपाल तथा सोलार वत्ति वितरण, उन्नत जातका भेडाको थुमे तथा बोका वितरण, प्रयोगशालाको सुधार, औषधी खरिद जस्ता कार्यक्रमका लागि रु ५२,०५,०००।०० को वजेट व्यवस्थापन गरिएको ।

१३. महिला विकास तर्फ रु ५ लाख वजेट व्यवस्थापन गरिएको ।

१४. जनप्रतिनिधि,कर्मचारी तथा विद्यालयका प्र.अ. हरुलाई सकरात्मक सोच सम्बन्धी जीवन प्रशिक्षक नरबहादुर कार्कीबाट २ दिने तालिम प्रदान गरिएको ।

१५. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय सरकार सञ्चालन सम्बन्धमा राज्य पुर्नसंरचना आयोगका अध्यक्ष श्री बालानन्द शर्माको नेतृत्वमा २ दिने तालिम प्रदान गरिएको ।

१६.कार्यालयमा सवै शाखाको छुट्टाछुट्टै कोठा सहित व्यवस्थापन गरिएको र भुकम्प पुर्ननिर्माण सम्बन्धी छुट्टै कोठाको व्यवस्थापन गरिएको ।

१७. कार्यालय भवनको तला थपको काम अन्तिम चरणमा रहेको र कार्यालयको लागि थप जग्गा किन्ने काम पनि पक्रियामा रहेको ।

१८. लमजुङ्को ३५.३ प्रतिशत भुभाग ओगटने ५९७.२५ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाका सवै वडा कार्यालय तथा विभिन्न वस्ती तथा टोलहरुमा योजना अनुगमन तथा अन्य विभिन्न कामले जानका लागि अत्यन्त असहज परिस्थिति भएकोले कार्यालयले गाडी खरिदका लागि राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरि टेण्डर खोल्ने काम भैसकेको ।

१९. यस मर्स्याङ्दी गाउँपालिकामा ९ वटा वडाहरु रहेको तर ४ जना मात्र वडा सचिव मात्र केन्द्र सरकारबाट खटाईएकोमा वडा नं. ८ मा महिला विकास तर्फको कर्मचारी र वडा नं. १, ४ र ५ मा स्वास्थ्य तर्फको कर्मचारीलाई अर्को व्यवस्था नहुँदा सम्मका लागि वडा सचिवको काम गर्नका लागि खटाएर जनताको कामलाई सहज बनाईएको ।

२०. योजनाहरुको कार्यान्वयन तथा अनुगमनलाई प्रभावकारी बनाउन प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु र वडा सचिव रहेको अनुगमन समिति रहेको छ भने गाउँपालिका स्तरमा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा २ जना कार्यपालिकाका सदस्यहरु , प्रमुख प्रशासकीय अधिकृत र योजना शाखाको प्रमुख रहेको अनुगमन तथा सुपरिवेक्षण समिति रहेको छ ।

२१. योजना सम्पन्न भैसकेपछि भुक्तानी दिनुभन्दा अगाडी योजना सम्बन्धमा भएको प्रगति तथा विल, भरपाई ,ईस्टीमेट ,मूल्यांकन आदिको परिक्षण गर्नका लागि गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा , उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, ईन्जीनियर , लेखापाल र योजना शाखाको प्रमुख रहेको फरफारक समिति रहेको छ । उक्त समितिले फरफारक गरेपश्चात मात्र भुक्तानी गर्ने व्यवस्था गरिएको छ ।

२२. योजनाहरुको डुप्लीकेशनलाई रोक्न प्रोजेक्ट लागु भएका क्षेत्र तथा अन्य संघ संस्थाले काम गरेका क्षेत्रहरुमा ती संस्थाहरुको ईस्टीमेटको प्रतिलिपि लिने र हाम्रो ईस्टीमेटको प्रतिलिपि पनि दिने गरिएको छ ।

२३. गाउँपालिका भित्रका सरकारी तथा सार्वजनिक जमिनको उपयोग गरेका मानिसहरुको वारेमा अध्ययन गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एउटा कार्यदल बनाई उक्त समितिले दिएको प्रतिवेदनका आधारमा गाउँकार्यपालिकाको निर्णयबाट ती व्यक्तिहरु सँग सम्झौता गरी वार्षिक रुपमा कर लिने काम शुरु गरिएको छ ।

२४. आ.व. २०७३/७४ मा गाउँपालिका भरको आन्तरिक आम्दानी रु १,२४,७५४।०० मात्र रहेकोमा आ.व. २०७४/७५ को जेष्ठ मसान्त सम्म रु ९,९७,१८७।०० आन्तरिक आम्दानी गरिसकेको छ भने यस आर्थिक वर्षको अन्त्यमा व्यवसाय कर तथा सरकारी जमिन उपयोग वापतको कर समेत उठन गएमा रु १७ लाख आन्तरिक आम्दानी उठने आँकलन गरिएको छ । व्यवसाय कर र सरकारी जमिन उपयोग वापतको कर मिति २०७५ आषाढ १ गते बाट वडा नं. १ बाट उठाउन शुरु गरिएको छ । व्यवसाय कर उठाउनका लागि पब्लीक प्राईभेट पार्टनरसिप अनुसार लमजुङ् उद्योग वाणिज्य संघ, खुदी ईकाइ सँग सम्झौता गरी अघि बढिएको छ ।

२५. गाउँपालिकाले गाउँपालिका भित्रका कडा रोग लागेका तथा विपन्न तथा असहायको सहयोगको लागि विपन्न असक्त असहाय कोषको स्थापना गरी गाउँपालिका भित्रका विभिन्न व्यक्तिहरुलाई सहयोग गरिएको ।

२६. गाउँपालिका तथा वडाहरुमा गरी जम्मा ३६७ वटा आयोजनाहरु रहेकोमा ३६५ वटा आयोजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन् भने हाल सम्म १३४ वटा आयोजनाहरु फरफारक भै सकी अधिकाँशको भुक्तानी भई सकेको र केहीको भुक्तानी हुन बाँकी रहेको । बाँकी आयोजनाहरु सम्पन्न भई गाउँपालिकामा फरफारकका लागि आउने क्रम जारी रहेको ।

२७. प्रत्येक टोल टोलमा टोल सुधार समिति गठन गरि टोल वस्तीमा सामाजिक सुधार तथा वातावरणिय सरसफाई जस्ता कार्यमा क्रियाशील गराईएको ।

२८. न्यायिक समितिको गठन गरि न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ गाउँसभाबाट पारीत गरि उजुरी उपर कारवाही र विवादहरुको मेलमिलाप कार्य सुचारु रहेको ।

२९.हरेक वडामा गई उपभोक्ता समितिहरुलाई १ दिने अभिमुखीकरण सञ्चालन गरिएको ।

३०. स्वास्थ्य सेवा पहुँचका लागि वडा नं. ४ को जगतमा सामुदायिक स्वास्थ्य ईकाइ यसै आ.व. २०७४/७५ बाट सञ्चालनमा ल्याई सेवा सुचारु गरिएको र विभिन्न दुर्गम टोल वस्तीमा गाउँघर क्लिनिक सञ्चालन गरिएको ।

३१. आर्युवेद शाखा बाट यस आ.व. बाट माध्यमिक विद्यालयहरुका विद्यार्थीलाई आर्युवेद, जडिवुटी चिनारी, योग सम्बन्धी अभिमुखीकरणको शुरुवात गरिएको ।

३२. कानुनी रुपमा अपराधको रुपमा रहेको तथा सामाजिक कुरीतीको रुपमा रहेको जातिय भेदभाव तथा छुवाछुत, लैंगीक हिंसा र वालविवाह बिरुद्ध सचेतना गराउन वडा वडामा अभियानको रुपमा सचेतना कार्यक्रम तथा अभिमुखीकरण सञ्चालन गरिएको ।

३३. वाल विवाह अन्त्य गर्न २०७४/०९/०९ गते वाल विवाह विरुद्ध संकल्प सम्मेलन सञ्चालन गरिएको ।

३४. खेलकुदको विकासका लागि वडा स्तरीय अन्डर १९ फूटवलको आयोजना गरी सो अवसरमा चर्चित फुटवल क्लव मनाङ् मर्स्याङ्दीका कोच समेतलाई आमन्त्रण गरि फुटवलमा राम्रो गर्ने खेलाडीलाई प्रोत्साहन गर्ने कार्य गरिएको ।

३५. जडिवुटी र वनपैदावारको चोरी निकासी नियन्त्रणका लागि जनप्रतिनिधि, कर्मचारी , सुरक्षा निकाय सहित वन गस्ती गरिएको र जडीवुटी बाहिर निकासीमा गाउँपालिकाले कर लगाउन शुरु गरेको ।

३६. गाउँपालिकाको अफिसियल वेभसाईट www.marsyangdimun.gov.np रहेको र यस मार्फत गाउँपालिकाभित्र सञ्चालित आयोजनाको विवरण, कर्मचारी पदपूर्तिको सूचना, टेन्डर सम्बन्धी सूचना तथा गाउँपालिकाका गतिविधि सार्वजनिक गर्ने गरिएको ।

३७. गाउँपालिकाको अफिसियल ईमेल marsyangdirm@gmail.com रहेको र यस मार्फत पनि देश विदेशमा रहेका सेवाग्राहीहरुलाई सेवा पुर्‍याउँदै आईएको छ ।

अन्त्यमा, गाउँपालिकालाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुर्‍याउने बुद्धिजिवी ,राजनीतिक दलका प्रतिनिधि, पत्रकार, शिक्षक ,कर्मचारी, महिला, युवा, जेष्ठ नागरिक तथा आम जनमानसलाई यहाँहरुले दिनुभएको सल्लाह तथा गर्नुभएको सहयोगको उच्च कदर गर्दै आगामी दिनमा पनि सल्लाह र सहयोगको अपेक्षा गाउँपालिकाले राखेको छ ।

बद्रीनाथ सापकोटा

प्रमुख प्रशासकीय अधिकृत, मर्स्याङ्दी गाउँपालिका,लमजुङ् ।